जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- २९, २०८१ फागुन १५ गते विहीबार, 27 Feb. 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

गोरू तस्कर प्रकरणले

तनावमा प्रहरी

○ सहीखबर संवाददाता

मकवानपुर। गोरू तस्करी प्रकरणमा भइरहेका छानबिनमाथि प्रदेश प्रहरी कार्यालयले निगरानी गर्दै रातोमाटे प्रहरी चौकीका प्रहरी अधिकारीको संलग्नतामा उक्त घटना भएको आरोप छ ।

यद्यपि यस प्रकारको घटना पहिलो भने होइन । विगतदेखि नै हेटौंडा हुँदै गाईगोरू तस्करी हुने गरेको देखिन्छ । यस विषयमा प्रहरीको भूमिका पनि विवादित रहँदै आएको छ ।

फागुन ४ को घटनाको प्रकृति भने केही फरक छ । त्यतिबेला मकवानपुरमा प्रमुख जिल्ला अधिकारी र सहायक प्रमुख जिल्ला अधिकारी दुवै ड्युटीमा थिएनन् । प्रमुख जिल्ला अधिकारीका रुपमा रहेका सहसचिव तिर्थराज चिलवाल अर्थ मन्त्रालयमा सरूवा भएर रवाना भइसकेका थिए भने सहायक प्रमुख जिल्ला अधिकारी (उपसचिव) धोलकराज ढकाल सहसचिवमा बढुवा भइ मन्त्रालयतिर लागिसकेका थिए ।

निमित्त प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी प्रशासकीय अधिकृत गुणराज न्यौपानेलाई थियो । यद्यपि उनी दैनिक प्रशासनिक कामको भूमिकामा सीमित थिए ।

सोही समयमा भएको थियो गोरू तस्करीको घटना । जसमा मकवानपुरका प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक विश्वराज खड्काको संलग्नता रहेको आरोप छ । पशु सेवा कार्यालय मकवानपुरका प्रमुख डा. बज्रकिशोर ठाकुरले गत आइतबार राति चितवनबाट हेटौंडा हुँदै पथलैयातर्फ गोरू बोकेर जाँदै गरेको ट्रकलाई पथलैयाबाट सशस्त्र प्रहरीको सहयोगमा नियन्त्रणमा लिएका थिए ।

बा. प्र. ३-००१ ख १४२४ नम्बरको ट्रकमा लोड गरिएको २५ वटा गोरू भेटेरिनरी प्रमाण पत्र गलत प्रयोग गरी झापा पुऱ्याउने योजनासहित ल्याइएको थियो ।

कृषि प्रयोजनका लागि झापा लगिँदै गरेको २५ वटा जर्सीक्रस गोरू आबुखैरेनी, तनहुँबाट भीम राईले लक्ष्मी चौपाया सप्लायर्समार्फत झापाको हेमादेवी सप्लायर्सलाई बिक्री गरेका थिए । लक्ष्मी चौपाया सप्लायर्स, मकवानपुर १६ हेटौंडाको नाममा बिजक जारी गरी प्रतिगोरू ५ हजार रूपैयाँमा खरिद गरिएको देखाइएको थियो । सो ट्रकले हेटौंडा उपमहानगरपालिकाको पशुहाट सेवा शुल्क बापत २५ गोरूका लागि ३ हजार रूपैयाँ बुझाएको थियो ।

सो ट्रक नियन्त्रणमा लिन प्रमुख ठाकुरले प्रहरीका प्रत्येक संयन्त्रमा खबर गरेका थिए तर, न फिल्डका प्रहरी इमानदार बने, न त जिल्लाको कमाण्ड सम्हालेका व्यक्ति नै जिम्मेवार बने । सो घटनाले प्रहरीको छविमाथि नै प्रश्न खडा गरेको छ ।

प्रदेश प्रहरी कार्यालय हेटौंडाका उच्च अधिकारीका अनुसार रातोमाटे चौकीका प्रहरीले एसपी खड्का कै आदेशमा तस्करीका गोरू नियन्त्रणमा नलिएका हुन् । यतिमात्र होइन, रातोमाटे चौकीका प्रहरीले नै ती गोरूसहितको ट्रकलाई मकवानपुरको

बाँकी पेज ३ मा



२३ वहुवर्षिय योजना

मकवानपुर । जनाताको आवश्यकताको अनुसार स्थानीय तथा प्रादेशिक यजना छनौट गरी क्रमागत रूपमा त्यसको कार्यान्वयन गर्ने हो भने सरकार को औचित्य देखिने मात्रै हैन, जनताको समस्याको सम्बोधन र जनभावनाको कदर समेत हुन्छ ।

प्रादेशिक गौरवका योजनाहरू पुरा नभएर गुनासाहरू खेपिरहेको बागमती प्रदेशले २३ वटा बहु वर्षीय योजनाहरू प्रस्ताव गरेको छ । कार्ययोजनाहरू निर्माण तथा कार्यान्वयनलाई स्थानीय, प्रदेश तथा संघीय सरकारले उच्च प्राथमिकतामा राख्ने परिपाटीको राम्रो विकास भयो भने आमसर्वसाधारणमा उब्जेको निराशाहरू पनि विस्तारै किनारा लाग्दै जान्छन् । जनतालाई सर कारको आभाष दिलाउन बागमती प्रदेश सरकारले अत्यावश्यक केही योजनाहरूलाई बहु वर्षीय प्रस्ताव गरेको छ ।

नेपालको संविधानमा तीन तहको सरकारका निश्चित अधिकार र क्षेत्राधिकार तोकिए पनि केन्द्र, प्रदेश र स्थानीय तहबिच कतिपय आयोजना छनोटमा तालमेल र समन्वयको अभाव देखिएको छ ।

बागमती प्रदेश सरकारले आर्थिक तथा नागरिकको सहजताको दृष्टिले महत्वपूर्ण देखिएका २३ आयोजनालाई बहुवर्षे घोषणा गरी ठेक्का प्रक्रियामा अघि बढाएको छ । प्रदेश नीति तथा योजना आयोगमार्फत् १३ वटै जिल्लामा त्यस्ता आयोजना अघि बढाइएको हो ।

ठेक्का लाग्ने तर बहुवर्षेमा नपर्दा कतिपय आयोजना समयमै सम्पन्न नहुने समस्या विगतमा देखिँदै आएको थियो । सोही समस्या हल गर्न आयोगले १६ करोड रूपैयाँभन्दा माथिको आयोजनालाई बहुवर्षे ठेक्का लाग्ने र बढीमा ३ आर्थिक वर्षमा सम्पन्न गर्नेगरी स्रोत सुनिश्चिततासहित कार्यक्रम अगाडि बढाएको प्रदेश सरकारले जनाएको छ ।

आयोगले चालु आर्थिक वर्ष २३ वटा दीर्घकालीन महत्वका सडक, पूर्वाधार, पर्यटनलगायतका आयोजना छनोट गरेको छ । श्रम, रोजगार तथा यातायात मन्त्रालय,आन्तरिक मामिला मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय अन्तर्गत विभिन्न योजना छनोट गरी बहुवर्षे आयोजनाको रूपमा स्रोत सुनिश्चितता गरेर अघि बढाइएको आयोगका उपाध्यक्ष गंगादत्त नेपालले बताए ।


विभिन्न मन्त्रालयबाट प्राप्त आयोजनाको बारेमा वार्षिक कार्यक्रम छनोट कार्यविधि २०७८ अनुसार बहुवर्षे आयोजना छनोट गरिएको हो । कार्यविधि अनुसार आयोजनाको मूल्याङ्कन गरी प्राथमिकीकरण गरेर विभिन्न ५ आधार र सोही आधारमा अंक निर्धारण गरी ७५ प्राप्ताङ्कमा ५६ भन्दा बढी अंक ल्याउने आयोजनालाई पी वान (पहिलो प्राथमिकता) दिएर आयोजना छनोट गरिएको उपाध्यक्ष नेपालले बताए ।

मन्त्रालयको आवश्यकताको आधारमा प्राथमिकीकरणको प्राप्तांकमा १० अंक, प्रारम्भिक मूल्यांकनको प्राप्तांकमा ३० अंक, नीतिगत सामञ्जस्यताको प्राप्तांकमा २१ अंक, मानव विकास सूचाकांक अनुसारको प्राप्तांकमा ६ अंक तथा संवैधानिक प्राथमिकताको प्राप्तांकमा ८ अंक गरी कूल प्राप्तांक ७५ कायम गरिएको छ ।

प्राथमिकीकरण अन्तर्गत ५६ भन्दा कम अंक आउने आयोजना पी ३ निर्धारण हुने र बहुवर्षे ठेक्का लगाउन नसकिने नेपालले बताए । पहुँच र नेताको सिफारिसमा आयोजना छनोट गर्ने प्रवृत्ति अन्त्य गर्दै औचित्य र आवश्यकताको ५ आधारमा तयार गरी २३ वटा आयोजना छनोट गरिएको उनको भनाइ छ ।

छनोट भएका आयोजनामा १६ करोड रूपैयाँदेखि ३० करोड रूपैयाँसम्मको रकम सुनिश्चित गरी ४ अर्ब १६ करोडभन्दा बढी रकम विनियोजन गरिएको उनले बताए । ती आयोजना समयमै सम्पन्न गर्नेगरी प्रक्रिया अघि बढाउन सरकारलाई निर्देशन गरिएको र आयोग मार्फत्

बाँकी पेज ३ मा



प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

व्यापार मेला

व्यापार महोत्सव देशको अर्थतन्त्र चलायमान बनाउने महत्वपूर्ण आधार हो । अहिले देश अर्थतन्त्र मन्द रहेको बेला यस्ता व्यापार मेलाहरूले तर्थतन्त्र चलायमान बनाउँन महत्वपूर्ण भूमिका निर्वाह गर्छ। व्यापर मेला महोत्सवहरूले बजार विस्तार, आर्थिक विकास, प्रविधि तथा नवप्रवर्तन प्रोत्साहन, सहकार्य सञ्जाल निर्माण, सांस्कृतिक आदानप्रदान, पर्यटन प्रवर्द्धन, उपभोक्ता शिक्षामा महत्वपूर्ण योगदान गर्छ । व्यापार मेलाहरुले उत्पादकहरुलाई नयाँ बजारहरुमा पुग्न र आफ्ना उत्पादनहरु प्रदर्शन गर्न मद्दत गर्दछ। यसैगरी उपभोक्ताहरुलाई विभिन्न उत्पादनहरु एकै ठाउँमा हेर्न र तुलना गर्न अवसर दिन्छ। स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यापारलाई बढावा दिन मेलाहरु महोत्सवहरूले भूमिका निर्वाह गर्छ । रोजगारी सिर्जना गर्न, आर्थिक गतिविधिहरुलाई प्रोत्साहित गर्न, व्यापार मेलाहरुले नयाँ प्रविधिहरु, उत्पादनहरु र सेवाहरु प्रदर्शन गर्ने प्लेटफर्म प्रदान गर्दछ ।

अहिले मकवानपुरको हेटौंडामा निर्माण व्यवसायि संघले राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव गरिरहेको छ । मेलामा दिनहुँ कलाकारहरूको प्रस्तुतीले मेलामा रौनक थपेको छ। व्यापार मेलाहरुले व्यवसायीहरुलाई एकअर्कासँग सम्पर्कमा आउन र व्यावसायिक सम्बन्धहरु निर्माण गर्नको लागि यो अवसर पनि हो । यसले नयाँ साझेदारीहरु र सहयोगहरुलाई प्रोत्साहन गर्दछ । व्यापार मेलाहरुले विभिन्न संस्कृतिहरु र परम्पराहरुलाई प्रदर्शन गर्ने अवसर प्रदान गर्दछ। सांस्कृतिक आदानप्रदानलाई बढावा दिन, व्यवासयिक समझदारीलाई प्रोत्साहित गर्न, पर्यटकहरुलाई आकर्षित गर्न र स्थानीय पर्यटनलाई बढावा दिनमा मेला महोत्सव आयोजकले ध्यान दिनु पर्छ ।

मेला आयोजना गर्दा स्थानीय उत्पादन, स्थानीय कलाकार, स्थानीयता प्रवर्द्धनमा ध्यान दिनुपर्छ ।मेलाको नाममा विभिन्न निकायसँग अपारदशी सम्बन्ध बनाउने जस्ता कार्य व्यवसायिक हितकारी हुदैनन् । व्यापार मेलाहरुले उपभोक्ताहरुलाई विभिन्न उत्पादनहरु र सेवाहरु बारे जानकारी दिने हुनुपर्छ ।यसले उपभोक्ताहरुलाई सूचित खरिद निर्णयहरु गर्न मद्दत गर्नुपर्छ । मेलामा खानपान,मनोरञ्जनसँगै धार्मिक, साँस्कृतिक निधिको संरक्षण र प्रवर्द्धन तर्फ पनि ध्यान दिनु जरूरी छ ।

नेपालमा व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा



आरपी गुरागाईं

प्रत्येक व्यक्तिको जन्म,मृत्यु विवाह, सम्बन्ध विच्छेद,बसाइँसराइ लगायतका घटनालाई तोकिएको निकायमा दर्ता गर्नुलाई व्यक्तिगत घटना भनिन्छ । व्यक्तिगत घटना सम्बन्धित व्यक्तिको स्थायी ठेगाना वा घटना घटेको स्थानको वडा कार्यालयमा दर्ता गर्ने कार्य व्यक्तिगत घटना दर्ता हो। घटना दर्ता व्यक्तिको पहिचान र सेवा प्राप्ती गर्ने कानूनी आधार तथा राज्यको नीति निर्माण तथा योजना तर्जुमाकालागि तथ्यांक प्राप्त गर्ने आधार भएकाले कानूनले तोकेको समयमै सम्बन्धित वडामा गई गराउन सकिन्छ ।

व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको वडा कार्यालय वा घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शुल्क वा त्यसपछि बिलम्ब शूल्क तिरी दर्ता गराउन सकिन्छ।संघ, प्रदेश वा स्थानीय तह अन्तर्गतका सरकारी निकाय वा नेपाल सरकारको स्वामित्वमा रहेका संगठित सस्थाका वहालबाला कर्मचारीले बसाइँ सराइ बाहेक आफू सूचक भएर अन्य व्यक्तिगत घटना दर्ता गर्नुपर्ने भएमा कार्यालयको सिफारिसका आधारमा कार्यालय रहेको स्थानको वडा कार्यालयमा पनि घटना दर्ता गर्न सकिन्छ।

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २)३३ लागु हुनु भन्दा अघि घटेका घटना दर्ता गर्न भने मिल्दैन। यस्ता घटनाको हकमा व्यक्तिलाई आवश्यक भएमा सम्बन्धित वडामा गई वडाध्यक्षबाट घटेको घटना प्रमाणित गराउन सक्दछन्। सबै प्रकारका व्यक्तिगत घटना दर्ता गराउँदा व्यक्तिलाई सूचना फाराम भर्न लगाउने, आवश्यक कागजपत्र माग गरी रूजु गर्ने, नियमानुसार घटना दर्ता गर्ने, अभिलेख राख्ने तथा प्रमाणपत्र जारी गर्ने दायित्व स्थानीय तह तथा वडा कार्यालयको रहन्छ स्थानीय तहले घटना दर्ताको महत्व, प्रक्रिया र विलम्ब शुल्कबारे पनि नागरिकलाई जानकारी गराउनु पर्छ।

नेपालमा रहेका विदेशी नागरिकले नेपालमा घटेका व्यक्तिगत घटना दर्ता गर्नु परेमा राहदानी वा राष्ट्रियता खुल्ने कागजातलगायत व्यक्तिगत घटना दर्ताका लागि आवश्यक अन्य कागज सहित आफू बसोबास गरेको स्थानमा घटना दर्ता गर्न सक्छन् । नेपालमा कुटनीतिक नियोग भएका मुलुकको नागरिक भए त्यस्तो नियोगको सिफारिस समेत आवश्यक पर्दछ ।

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थायी ठेगानाको वडा कार्यालयमा गई जन्म दर्ता गरी बालबालिकाको संबैधानिक हकको सुनिश्चित गराउनु अभिभावनको कर्तव्य हुन आउँछ । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको १८ वष उमेर पुगेको व्यक्तिले दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।

विवाहको सूचना पति र पत्नी दुवैले दिनु पर्छ । सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् । बसाईसराई दर्ता गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले सूचना दिनु पर्ने हुन्छ ।

नेपालमा व्यक्तिगत घटना दर्ता

नेपाली नागरिकको कानूनी पहिचानको आधार व्यक्तिगत घटना दर्ता गरेपछि सुरू हुन्छ । जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद जस्ता घटनाहरु दर्ता भएपछि मात्र अन्य सरकारी कागजात जस्तै नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र लगायत प्राप्त गर्न सम्भव तथा सहज हुन्छ । नेपालमा २३६ सालबाट व्यक्तिगत घटना दर्ता सुरू भएको पाइन्छ । व्यक्तिगत घटना (दर्ता गर्ने ऐन, २३३ लाई नेपालमा २३६ सालबाट विभिन्न चरण र वर्षहरूमा क्रमैसँग सबै जिल्लामा लागू गरिएको थियो । मकवानपुर जिल्लामा भने २)३७ सालबाट मात्रै व्यक्तिगत घटना दर्ता सुरू भएको पाइन्छ ।

व्यक्तिगत घटना सुरू हुँदा विभिन्न अनुसूचीहरूमा हस्तलिखित दिइदै आएकोमा २)७५ सालबाट डिजिडलाइज दर्ता प्रणाली सुरू भएको हो । राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग स्थापना भएपछि डिजिटल प्रणालीमार्फत घटना दर्ता सुरू भएको हो । डिजिटल प्रविधिले कार्यलाई सरल र छिटो बनाएको त छ नै रेकर्ड समेत सजिलै हेर्न सकिन्छ । विभागले सफ्टवेयर विकास गरी सबै प्रकार घटना दर्तालाई प्रविधिमै सुरक्षित हुने व्यवस्था मिलाएको हो । यसका साथै सामाजिक सुरक्षालाई समेत डिजिटल बनाई बैंकमै रकम पठाउने व्यवस्था समेत विभागमार्फत हुने गरेको छ ।

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको कार्य ७५३ वटै स्थानीय तहका वडाहरूबाट हुँदै आएको छ । घटना दर्ता गर्दा समेसम्म त्रूटीहरू नहुने हिसाबले गर्नु पर्छ तर कहिले काँही केही केही त्रूटी हुँदा विद्यमान ऐनमा कानूनी अस्पष्टताका कारण सच्याउने तथा संशोधन प्रक्रियामा जटिलता छ ।राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ अनुसार घटना दर्ता भएको एक वर्षभित्र मात्र संशोधन गर्न सकिने कानूनी व्यवस्था छ । त्यसपछि घटना दर्तामा भएका त्रूटी सच्याउन पाइदैन । सामान्य त्रुटी एकार उकारलायतका मात्रै सच्याउन मिल्ने व्यवस्था गरिएको छ।

ऐन, नियमावलीमा एक किसिमको व्यवस्था र विभागबाट गरिएका परिपत्रमा गरिएको व्याख्या फरक हुँदा घटना दर्ताका त्रूटी लगायतका संशोधन प्रक्रियामा अन्योलता सिर्जना गरिदिएको छ। फरकफरक व्यवस्थाका कारण स्थानीय तहहरूले एकरुपता कायम गर्न सकेका छैनन् । नेपालको संविधानले नागरिकलाई कानुनी रुपमा पहिचान प्रमाणित गर्न सहज पहुँच सुनिश्चित गर्ने व्यवस्था गरेको छ। संविधानको धारा १६ ले सम्मानजनक जीवनको हकको प्रत्याभूति गरेको छ तर, व्यक्तिगत घटना दर्ता गर्दा भएका त्रूटिहरु सुधार्ने प्रक्रियामा रहेको कानुनी अस्पष्टताले संविधानमा उल्लेख गरिएका यी हकहरुको कार्यान्वयनमा बाधा पुरूयाइरहेको छ।

अहिले घटनादर्ता डिजिटल प्रणालीमा रुपान्तरण भए पनि पुराना हस्तलिखित दर्ताहरुमा रहेका त्रूटिहरु संशोधन गर्न कठिन भइरहेको छ। खासगरी जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन २०३३ अनुसार दर्ता भएका कागजातहरु अहिले नागरिकता तथा अन्य कागजातहरु बनाउन खोज्दा वा बनाइसकेको पछिको अवस्थामा समेत समस्याको कारक बन्न पुगेका छन् । हस्तलिखित विवरणमा रहेका त्रुटिहरु सच्याउने कानुनी स्पष्टता नहुँदा सेवाग्राहीहरुले अदालत वा विभिन्न सरकारी निकाय धाउनुपर्ने बाध्यता छ।

यसै समस्यालाई समाधान गर्न सरकारले केहि नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, १८ प्रतिनिधि सभामा दर्ता गरिसकेको छ। यो विधेयकले व्यक्तिगत घटना दर्ता संशोधन गर्ने समयसीमालाई एक वर्षमा एक पटक मात्र नभई, आवश्यक परेको बेला एक पटक गर्न सक्ने व्यवस्था राख्न प्रस्ताव गरेको छ। तर, यो विधेयक संसदमा दर्ता भएको दुई वर्ष बित्न लाग्दा पनि विधेयकले निकास पाउन सकेको छैन । जसले गर्दा व्यक्तिगत घटना दर्ता संशोधन सम्बन्धी अन्योल अझै कायम रहेको छ ।

अहिले व्यक्तिगत घटना दर्ता ऐनमा उल्लेखित संशोधन सम्बन्धी व्यवस्थाले नागरिकहरुलाई अनावश्यक झन्झटमा पार्ने गरेको छ। उदाहरणका लागि, कुनै व्यक्तिको जन्म मिति, बाबुआमाको नाम वा ठेगानामा त्रुटी भएमा,एक वर्ष भित्र मात्र सच्याउने प्रावधानले घेरै नागरिकहरु प्रभावित भएका छन् । एक वर्षपछि सामान्य त्रूटिहरु मात्र सच्याउन मिल्ने भएकाले गम्भीर त्रूटिहरु सच्याउन अदालतको निर्णय लिनुपर्ने अवस्था हुन जान्छ।

ऐन, नियमावली, र परिपत्रहरुमा एकरुपता नहुँदा स्थानीय तहहरुमा कार्यरत कर्मचारीहरुलाई पनि स्पष्ट नीतिको अभाव महसुस भएको छ। यसले स्थानीय तहको काम कारबाहीको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको र सेवाग्राहीहरुलाई अनावश्यक झन्झटमा पार्नुका साथै स्थानीय प्रशासनलाई पनि अन्योलमा राखेको छ।

त्यसैगरी,राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट सञ्चालित व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली अन्तर्गत घटना दर्ता गर्ने प्रणाली बारम्बार सर्भरको कारणले अवरूद्ध हुँदा स्थानीय तहका वडा कार्यालयमा सेवा प्रवाह गर्ने कर्मचारी र सेवा प्राप्त गर्ने सेवाग्राही दुबैलाई असर परेको छ। झन पछिल्लो समय नियमितजसो यस्ता समस्याले स्थानीयतह र वडा कार्यालयबाट हुने यस्ता आधारभूत सेवा प्रवाहमा अवरोध सृजना भएको हुँदा विभागले यस सम्बन्धमा दिर्घकालिन निकास खोजेर समस्या स्थायीरूपमा समस्या समाधान गर्न तर्फ विभागको ध्यान जान जरूरी छ ।

नेपालमा सामाजिक सुरक्षा भत्ता

२)५२ सालमा मनमोहन अधिकारी प्रधानमन्त्री हुँदा नेपालमा सामाजिक सुरक्षा भत्ता सुरू भएको हो । त्यतीबेला बृद्धा भत्ता नाम बाट गरिएको सामाजिक सुरक्षा भत्ता हाल ज्येष्ठ नागरिक, अशक्त र अशहाय अवस्थामा रहेका एकल महिला अपांगता भएका व्यक्ति, बालबालिका आफ्नो हेरचार आफै गर्न नसक्ने र लोपन्मुख जातिका नागरिकहरूको संरक्षण गर्न तथा त्यस्ता नागरिकहरूको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्न सरकारले सामाजिक सुरक्षा ऐन बमोजिम सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्दै आइरहेको छ ।

नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत प्रदान गरिने विभिन्न प्रकारका भत्ताहरू गैर योगदानमूलक

बाँकी पेज ३ मा

९६ श्रमिक निष्कासित...

सीमा कटाएर बारातर्फ पुऱ्याइदिएका थिए । इन्चार्जको अनुमतिविना त्यस प्रकृतिको घटना हुन नसक्ने ती प्रहरी अधिकारी बताउँछन् । जिल्लाको प्रशासनिक नेतृत्वमा कोही नभएपछि एसपी खड्काले आफूखुसी आदेश दिएको हुन सक्ने उनले बताए । यसबारे तथ्य र प्रमाणका आधारमा दोषी प्रहरी अधिकारीहरुलाई कारबाही हुने उनको भनाइ छ ।

५ प्रहरीमाथि छानबिन गर्दै एसपी खड्का

उक्त घटनामा संलग्न रहेका रातोमाटे चौकीका ५ प्रहरीमाथि जिल्ला प्रहरी कार्यालय मकवानपुरले छानबिन अघि बढाएको छ । घटना सार्वजनिक भए लगत्तै ३ प्रहरीलाई जिम्मेवारीबाट हटाएर एसपी खड्काले छानबिन अघि बढाएका थिए । रातोमाटे प्रहरी चौकीका इन्चार्ज प्रहरी नायव निरीक्षक (सई) कुमार फुयाँलसहित प्रहरी हवल्दार विपिन कुशुवाह र प्रहरी जवान केशर शाहीलाई गोरू तस्करी प्रकरणमा संलग्नताको आरोपमा जिम्मेवारीबाट हटाएर छानबिन अघि बढाइएको थियो । अन्य ३ प्रहरीलाई लिखित स्पष्टीकरण माग गर्दै घटनाको छानबिन अघि बढाइएको एसपी खड्काले बताए ।

उनका अनुसार फागुन ५ मै उनीहरुलाई जिल्लामा तानेर छानबिन अघि बढाइएको र केही दिनमै उक्त विषयलाई दुङ्ग्याउने तयारी छ । छानबिनको क्रममा संलग्न देखिएको खण्डमा सम्बन्धित प्रहरीलाई कार वाही गरिने उनको भनाइ छ ।

उच्च निगरानी राखेका छौं : डीआइजी शर्मा

गोरू तस्करी घटनामा प्रहरीको संलग्नताको विषयमा जिल्ला प्रहरी कार्यालय मार्फत् छानबिन भइर हेको र त्यसमा प्रदेश प्रहरी कार्यालयले उच्च निगरानी गरिरहेको प्रहरी नायव महानिरीक्षक (डीआइजी) कृष्णहरी शर्माले बताए ।

घटनामा प्रहरीको संलग्नताबारेमा कडा अनुसन्धान गर्ने र दोषीलाई कारबाही गर्ने उनले बताए । सो घटनामा प्रहरीका केही उच्च अधिकारीहरुको संलग्नता भएको तथ्य खोजी कार्य भइरहेको र जिल्लाको अनुसन्धानको प्रतिवेदनको आधारमा प्रदेशबाट थप प्रक्रिया अघि बढाउने उनको भनाइ छ ।

जिल्लाको छानबिनलाई प्रदेशबाट निरीक्षण गर्ने गरी तहगत रुपमा जिम्मेवारी दिएर काम अघि बढाइएको डीआईजी शर्माले बताए । केही दिनमै सो घटनाको प्रगतिसहित थप निर्णय गरिने उनले प्रस्ट पारे । 'छानबिनमा उच्च निगरानी राखेका छौं । तथ्य प्रमाण प्राप्त भएपछि आवश्यक कारबाही अघि बढाउने छौं । जिल्लालाई उच्च निगरानीका साथ छानबिन प्रक्रिया अघि बढाइएको छ,' उनले भने ।

कानुनमा सुधारको सवाल

सो घटनामा पशु सेवा कार्यालय मकवानपुरले ५ हजार जरिवाना गर्दै ट्रक र गोरू जुन स्थानबाट ल्याएको त्यही स्थानमा लगेर छाड्न आदेश गऱ्यो । गोरू र ट्रक जिम्मा लिएर लक्ष्मी चौपाया सप्लायर्सका प्रतिनिधि भीम राईलाई छाडियो । त्यसपछि ती गोरूको अवस्थाबारे कुनै निकायलाई जानकारी नै छैन ।

कार्यालयले पशुपन्छी ढुवानी मापदण्ड विपरीतको कसुर बाहेक सो घटनामा कुनै पनि दण्ड सजाय तोक्ने अधिकार नरहेको प्रमुख ठाकुरले बताए । सोही कानुनका आधारमा जरिवाना गरेर प्रतिनिधिलाई छाडिएको उनको भनाइ छ । कानुनले अन्य सजायको अधिकार निर्धारण भएको भए यस्ता घटना न्यूनीकरण गर्न सकिने उनले प्रस्ट पारे ।

पशुपक्षीको ढुवानीमा हुने क्रुरता र असुविधालाई कम गर्नका लागि पशुपक्षी ढुवानी मापदण्ड २०६४ जारी गरिएको हो । जसमा पशुहरुको सुरक्षित र आरामदायी यात्रा सुनिश्चित गर्न, ढुवानी गर्ने सवारी साधनको मित्री संरचना उपयुक्त हुनुपर्ने व्यवस्था छ । सवारीको भुइँमा ६ इन्च मोटाइको पराल, भुस, म्याद्रेस आदि राख्नुपर्ने व्यवस्था मापदण्डमा छ ।

पशुलाई गाडीमित्र ०.८४ देखि १२७ वर्गमिटर स्थान उपलब्ध गर्नुपर्ने, एउटा ट्रकमा अधिकतम २० वटा पशु राख्नुपर्ने, पशु ढुवानी गर्दा सवारीको गति प्रतिघण्टा ४० किलोमिटर हुनुपर्ने, गाडीमा प्राथमिक उपचार बक्सको व्यवस्था हुनुपर्ने व्यवस्था छ । यद्यपि, यी मापदण्डको प्रभावकारी कार्यान्वयनमा चुनौतीपूर्ण छ । सो विपरीत कार्य गर्नेलाई मापदण्ड अनुसार कारबाही समेत हुने व्यवस्था छ । तर, कसुरको अनुपातमा उक्त दण्ड सजाय सन्तुलित नरहेको पशु अधिकारकर्मी बताउँछन् ।

पशु ढुवानी मापदण्ड २०६४ अनुसार पशुहरुको सुरक्षित र मानवतापूर्ण ढुवानी सुनिश्चित नगरेको खण्डमा मुलुकी अपराध संहिता ऐन २०७४ को परिच्छेद २७ अनुसार सजाय हुने व्यवस्था छ । पशु ढुवानी मापदण्ड उल्लंघन गर्नेलाई पशु ढुवानी मापदण्ड २०६४ को दफा ९ अनुसार दण्ड सजायको व्यवस्था गरिएको छ । यद्यपि, यस दफा अन्तर्गतको विशेष दण्ड सजायको विवरण स्पष्ट छैन । कानुनी प्रावधानहरुको प्रभावकारी कार्यान्वयन र अनुगमन सुनिश्चित गर्न, सम्बन्धित निकायले कडा निगरानी र कारबाही गर्न आवश्यक रहेको पशु अधिकारकर्मी बताउँछन् ।

बाल विवाह नगरौं

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुरक्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१७ नम्बर वडा कार्यालय
हेटौडा उपमहानगरपालिका, मकवानपुर

२३ वहुबर्षिय योजना..

मोनिटरिङको विधि तयार गरिएको उनले प्रस्ट पारे । 'प्रदेश सरकारले केही गरेन, काम छैन भन्ने आवाज समेत सुनिँदै आएको छ । संघीय सरकार र स्थानीय सरकारको बिचमा रहेर प्रदेश सरकारले समन्वय गर्ने र मझौला आयोजना सम्पन्न गर्ने गरी अगाडि बढाउने काम गरिरहेको छ,' नेपालले भने । समन्वयात्मक भूमिकामा प्रदेश सरकारको सान्दर्भिकता निकै रहेको भन्दै उनले संघीयताको मर्म र संविधानले अंगीकार गरेको भावनालाई आत्मसात् गरेर अघि बढेमात्रै देशमा केही हुँदैछ भन्ने आशा नागरिकमा जगाउन सकिने प्रस्ट पारे ।

सडक पूर्वाधार प्राथमिकतामा

बागमती प्रदेश सरकारले बहुवर्षे आयोजनामा सडक पूर्वाधारको कामलाई प्राथमिकता दिएको छ । नागरिकको भावना र मन्त्रालयको प्राथमिकता पनि सडक पूर्वाधार भएकाले चालु आर्थिक वर्षमा मात्रै भौतिक मन्त्रालय अन्तर्गत १० वटा आयोजनाको प्राथमिकीकरण गरी अगाडि बढाइएको उपाध्यक्ष नेपालले बताए । उपाध्यक्ष नेपालका अनुसार प्रदेश सरकारलाई कार्य सम्पादनमा सघाउन आयोगको भूमिका महत्वपूर्ण रहन्छ । बागमती प्रदेश सरकार स्थापनासँगै प्रदेश नीति तथा योजना आयोग गठन भइ काम गरिरहेको पनि प्रभावकारिताको सवाल भने उठिरहेको उनको भनाइ छ ।

प्रदेश सरकारको आवश्यकता र औचित्यका विषयमा जनस्तरमै बहस गर्ने गरी आयोगको भूमिका रहने उनले बताए । प्रदेशको समृद्धि र विकासमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्न आयोगलाई बलियो र सक्रिय बनाउनुको विकल्प नरहेको उनको भनाइ छ ।

केन्द्रीय राजनीतिको असर प्रदेशमा पर्ने र राजनीतिक अस्थिरता तथा प्रदेश सरकारको प्राथमिकतामा आयोग नपर्दा केही कमजोरजस्तो देखिएको उपाध्यक्ष नेपाल बताउँछन् ।

उनले भने, 'हाम्रो जस्तो भूगोल, जनसंख्या र आर्थिक संरचना भएको देशमा सबैभन्दा काम गर्नुपर्ने र बनाउनुपर्ने योजना नै प्रदेश आयोगको हो। करोडभन्दा माथि र खर्बभन्दा मुनिका दुई/तीन वर्षमा सम्पन्न हुने आयोजना प्रदेशले सञ्चालन गर्ने हो ।'

तत्काल नागरिकको जीवनस्तर परिवर्तन गर्नसक्ने आयोजना तथा कार्यक्रम तयार गर्न आयोगले प्रदेश सरकारसँग सहकार्य र समन्वय गरिरहेको उनको भनाइ छ ।

नेपालमा व्यक्तिगत घटना दर्ता ....

सामाजिक सहायताका रूपमा रहेको पाइन्छ ।

नेपालको संविधानको धारा ४३ मा आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपांगता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने व्यवस्था लागु गरेको छ ।

नागरिकको जीवनमा आइपर्ने जोखिम न्यूनीकरण गर्न र मर्यादित जीवन निर्वाहको सुनिश्चित गर्न निश्चित योजनासहितको भरपदी सहयोग तथा स्रोतसाधनको जोहो गर्नुपर्छ भन्ने मान्यताका आधारमा सामाजिक सुरक्षाको अवधारण आएको पाइन्छ। यस्तो सहयोग सामाजिक बिमा, सामाजिक सहयोग र सामाजिक हेरचाहका रुपमा योगदान, गैरयोगदान र श्रम बजार नियमनको आधारमा प्रदान गरिन्छ। औपचारिक क्षेत्रमा काम गर्नेका लागि योगदानका आधारमा सामाजिक सुरक्षाको योजना बनाउने र अन्य विपन्न तथा असाहाय र जोखिममा परेकाको हकमा सरकारले बिना योगदान नगद तथा सेवा प्रवाह गर्ने व्यवस्था विश्वका धेरै देशमा लागु भएको छ।

सर्वसाधारण नागरिकका लागि सामाजिक सुरक्षाको कार्यक्रम सन् १९३७ मा अमेरिकाबाट सुरू भएको थियो। मूलत: पहिलो विश्वयुद्धपछिको आर्थिक तथा भौतिक क्षतिको न्यूनीकरण गर्न र सन् १९३० को आर्थिक मन्दीपछिको अर्थतन्त्रलाई पुनर्उत्थान गर्ने अभिप्रायले अमेरिकी राष्ट्रपति रूजवेल्टले सामाजिक सुरक्षा विधेयक हस्ताक्षर गरेका थिए। त्यसपछि यस्तै प्रकारको कार्यक्रम सन् १९४१ मा न्यूजिल्यान्डले लागु गरेको थियो। सन् १९९० को दशकपछि ल्याटिन तथा दक्षिण अमेरिकी देशलगायत विश्वका धेरै देशमा यो कार्यक्रम लागु भएको छ।

नेपालमा अनौपचारिक रुपमा सामाजिक सुरक्षा र संरक्षणको मान्यता परापूर्व कालदेखि रहिआएको पाइन्छ। आमाबाबुले बृद्धावस्थाका लागि भनेर जिउनी छुट्याउने, पेवा, पर्म, विवाह तथा काजक्रियामा सहयोग लगायतको प्रचलन नेपाली समाजमा ऐतिहासिकरुपमा चल्दै आएको पाइन्छ। सामाजिक सुरक्षामा सरकार ले योजना तथा लगानी गर्नुपर्छ भन्ने मान्यता चाहिँ १९९० सालको दशकबाट मात्र सुरू भएको देखिन्छ। राष्ट्रको सेवामा रहेका सैनिकको सेवा निवृत्त जीवनमा आर्थिक सहयोग पुर्‍याउने उद्देश्यले १९९१ सालमा 'सैनिक द्रव्य कोष' को स्थापना र २०१ सालमा निजामती कर्मचारीका निमित्र 'निजामती प्रोभिडेन्ट फन्ड' को व्यवस्थाको माध्यमबाट सामाजिक सुरक्षा कार्यक्रमको सुरूवात भएको थियो। गैरयोगदानमा आधारित सामाजिक सुरक्षा भने आर्थिक वर्ष २५२२५३ देखि वृद्धभत्ताका रुपमा लागु भएको हो।

गैरयोगदानमूलक सामाजिक सुरक्षाभत्ता कार्यक्रमको ३) वर्ष भएको छ । यो समय सम्म भत्ताको दर, दायरा र लाभग्राही संख्यामा उल्लेखनीय रुपमा वृद्धि भएको छ। हाल सामाजिक सुरक्षा भत्ता कार्यक्रममा जेष्ठ नागरिक, साठी वर्ष पुगेका दलित र एकल महिला, जेष्ठ नागरिक, विधवा, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख जाति र बालबालिका गरी छ प्रकारका लाभग्राही समूहहरु रहेका छन्। सामाजिक सुरक्षाभत्ता दर बालबालिकाले प्राप्त गर्ने पाँचसय बत्तीस रुपैयाँदेखि जेष्ठ नागरिकले प्राप्त गर्ने अधिकतम चार हजार रुपैंयासम्म छ। हाल भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या सैतीस लाख छ।

सामाजिक सुरक्षा भत्तामा सरकारको वार्षिक एक खर्बभन्दा बढी रकम खर्च हुने अवस्था छ। कार्यक्रमले मुलुकको एघार प्रतिशत जनसंख्या समेटेको र कुल बजेटको करिब छ प्रतिशत खर्च हुने गरेको छ। यद्यपि, जीवनचक्रमा आधारित, सर्वव्यापी र दिगो सामाजिक सुरक्षाको सुनिश्चितता गर्न राजनीतिक प्रतिवद्धता तथा शासकीय प्रबन्ध कायम गर्ने सवालमा भने राजनीतिक तहमा विभिन्न समस्या देखिएका छन्। सामाजिक सुरक्षा भत्ता हाल बैंकिङ्ग प्रणालीमा सिधै पठाइने गरिएको छ । हाल ७५३ वटै स्थानीय तहबाट सामाजिक सुरक्षा भत्ता बैंकमा सिधैं पठाउने व्यवस्था छ ।

नेपालको कुल बजेटको करिब छ प्रतिशत सामाजिक सुरक्षा भत्ताका लागि खर्च हुनु तथ्याङ्कीय हिसाबले उल्लेखनीय रकम नै मान्नुपर्छ ।

तर गरिबी न्यूनीकरण गर्ने कार्यमा यसको योगदान के छ भन्ने कुराको गहन अनुसन्धान तथा मूल्याङ्कन हुन आवश्यक छ। अहिले योजना तथा विकासविद्हरुले सामाजिक सुरक्षा भत्ताकै कारणले मुलुक आर्थिक भार पर्ने गरेको, मुलुकको अर्थतन्त्रले धान्न नसक्ने भएको, भत्ताको आवश्यकता सबैलाई नरहेको आदि तर्कका आधारमा बहसको उठान गर्न थालेका छन्।

मुलुकको सामाजिक सुरक्षा, त्यसको ढाँचा अर्थात् लाभग्राही पहिचान तथा वर्गीकरण, स्रोत परिचालन, वितरण प्रणाली र भत्ताको सदुपयोगसँग सम्बन्धित हुन्छ। सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन कसरी गर्ने भन्ने सवालमा सोचिएन भने यसले ठुलो समस्या ल्याउन सक्छ । यसतर्फ समयमै ध्यान दिएर सचेत र सजक भएर अघि बढ्नु पर्छ ।

सहीवबर

सही वार्ता

२०८१ फागुन १५ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

सरकारले कामको नतिजा दिनुपर्छ



संघीयाताको अभ्याससँगै बागमती प्रदेशसभा गठनको ७ वर्ष पूरा भइसकेको छ । २०७४ मङ्सिरको निर्वाचन पश्चात संविधानको धारा १७५ बमोजिम प्रदेशसभा गठन भएको थियो । बागमती प्रदेश सभामा प्रत्यक्ष निर्वाचन बाट ६६ जना र समानुपातिक तर्फबाट ४४ जनागरी कुल ११० जना सदस्य छन् ।

२०७९ को निर्वाचन पछि बागमती प्रदेशसभामा सभामुखको जिम्मेवारी तत्कालीन राप्रपाका नेता भुवनकुमार पाठकले सम्हाल्दै आएका छन् । राप्रपा संघीयताको खरो विरोधी दल हो । तर, उनी पदमा रहेर काम गर्दै गर्दा संघीयता कार्यान्वयनको सवालमा खासै टीकाटिप्पणी गर्दैनन् । उनी वर्तमान व्यवस्थामा नै रहेर आलोचनात्मक विरोधमा लाग्नुपर्ने बताउँछन् ।

संसद र संघीयताको सवालमा सभामुख पाठकसँग सहीवार्ताको लागि गरिएको कुराकानीको सार :

प्रदेश सभाको सभामुखको जिम्मेवारीमा २ वर्ष पूरा भयो ? काममा कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

यो मेरो पृथक् अनुभव हो । राजनीतिमा लागेको मानिस मन्त्री बन्नु स्वाभाविक हो । तर सभामुख पनि हुन्छु भन्ने चाहिँ कल्पनामा थिएन । घटना, परिस्थितिले सभामुख बनायो । यो अनुभव हरेक दृष्टिकोणले मेरो लागि तुलो र नयाँ हो । हालसम्मको कार्यसम्पादनमा सुखद अनुभव रहेको छ ।

प्रत्यक्ष राजनीति गर्दा र सभामुख पदमा रहेर काम गर्दा के फरक पाउनुभयो ?

प्रत्यक्ष राजनीतिमा रहँदा आफूलाई उचित लागेको विषयमा बोल्न पाइने हुन्छ । अहिले म कुनै राजनीतिक दलको पदमा छैन । सभामुख राजनीतिक पद भन्दा माथि छ । यो संवैधानिक पद हो । यसको गरिमा र जिम्मेवारीले छुट्टै महत्व राख्दछ । सबै राजनीतिक विचारधारा भएका मानिसहरु प्रदेशसभामा हुनुहुन्छ । सभामुख पदमा रहँदाछि मेरो दायित्व सबैको भावना सुन्न र सन्तुलित रुपमा प्रस्तुत हुने हुन्छ । म सभामुख भएको दिनबाट कसैप्रति आग्रह/पूर्वाग्रह देखाउनु हुँदैन । मलाई लाग्छ मैले २ वर्ष यो अवधिमा उक्त विषयलाई कायम राखेको छु ।

प्रदेशसभाको काम कार वाही, गतिविधिलाई लिएर कति सन्तुष्ट हुनुहुन्छ ?

स्वाभाविक रुपले यो भन्दा राम्रो हुन सक्थ्यो । तर, हुन सकिरहेको छैन । जति हुन पर्ने र गर्न सकिने थियो त्यो हुन सकेको छैन । तर, प्रयासरत छौं । केही महत्वपूर्ण कामहरु गरौं भन्ने सोचका साथ अघि बढेका छौं ।

प्रदेशसभाको पहिलो कार्यकाल बढी प्रभावकारी रहेको थियो र दोस्रो कार्यकालमा कानुन निर्माण, संसद्का गतिविधिहरू सुस्तायो भन्ने पनि छ नि ?

मैले पहिलो पटक प्रदेशसभामा प्रतिनिधित्व गरेको हो । पहिला कस्तो थियो मलाई महसुस भएन । विगत र हालको तुलना गर्नु हुँदैन भन्ने मेरो धारणा छ । आफ्नो दायित्व इमानदारीपूर्वक निर्वाह गर्नुपर्छ । हामीले धेरै कुराहरु परिवर्तन गर्ने प्रयास गरिरहेका छौं ।

नतिजालाई मूल्याङ्कन गर्ने हो भने पहिलो कार्यकाल २/३ वर्ष राम्रो प्रगति भएको अवस्था थियो । दोस्रो कार्यकालको २ वर्ष हेर्ने हो भने जम्मा १२ वटा कानुन निर्माण भएका छन् त्यसमा पनि २ वटा विवादित विषय नै छ । संसद्को अधिकांश समय सरकार गठनमा केन्द्रित छ नि, यसलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ?

पहिलो कार्यकाल नयाँ थियो । मर्खरै स्थापना भएको प्रदेश सरकाले आफ्नो संरचना निर्माण गरी काम अघि बढाउनुपर्ने जिम्मेवारी थियो । त्यस समयमा थुप्रै कानुनको आवश्यकता थियो । सोही अनुसार प्रदेश सरकारले तत्कालीन सयमा कानुन निर्माण र कार्यान्वयन तथा विकास निर्माणसँगै सेवा प्रवाहको लागि काम गरेको देखिन्छ ।

अहिलेको घटनाक्रम परिस्थिति अनुसार बनेका कानुन र विकास निर्माणका आयोजनाहरु तथा सेवा प्रवाहका विषयहरुलाई परिमार्जन गर्दै लैजानुपर्ने जिम्मेवारी छ । अहिले पनि अझै १५/२० वटा कानुनको आवश्यक देखिन्छ । किनभने हाम्रो जीवनको हरेक पक्षमा कानुन जोडिएको हुन्छ । कानुन एक प्रकारको जीवन पद्धति हो । संविधान मूल कानुन हो जो लेखिएको विषय हो ।

संविधानका विषयहरुलाई कानुनबाटै कार्यान्वयन गर्नुपर्ने हुन्छ। त्यही भएर कानुन कहिल्यै पनि दुङ्गिदैन । विगतमा बनेका कतिपय कानुन परिमार्जन गर्दै लैजानुपर्ने अवस्था छ । कानुनलाई हरेक ५ वर्षमा परिमार्जन गर्नपर्छ । अब प्रदेश सरकारले बनाएको कानुन साँच्चिकै कार्यान्वयन भयो कि भएन भनेर अध्ययन गर्नुपर्नेछ । कानुनको कमीकमजोरीलाई सुधारको आवश्यकता छ । त्यसमा काम गर्नुपर्ने अवस्था छ । त्यसका लागि प्रदेशसभाले गत वर्षदेखि काम थालेको छ । गत वर्ष जिल्लाहरुमा पुगेर कानुन कार्यान्वयनको अवस्था बारे बुझ्ने काम गरेका थियौं । यस वर्षमा हामीले गाउँपालिका र नगरपालिका पुगेर अवस्था बुझ्ने काम गरेका छौं ।

विगतमा म एउटा राजनीतिक दलमा आबद्ध रहेर आएको हुँ । अहिले मेरो जिम्मेवारी फरक छ । अहिले म दलमा आबद्ध पनि छैन । म मेरो जिम्मेवारी निर्वाह गर्नमा केन्द्रित छु । जहाँसम्म राजनीतिक विषय छ,त्यसमा सन्तुष्टि असन्तुष्टिको विषय छन् ।

कानुन कार्यान्वयनको अवस्थाबारे चर्चा गर्नु पूर्व प्रदेशसभाले पहिलो कार्यकालको जस्तो गति लिन नसक्नुको कारण के बुझ्नु भएको छ ?

जहाँसम्म कानुन निर्माणको कुरा छ, त्यसमा सरकारको सक्रियता महत्त्वपूर्ण हुन्छ । मुख्यत: कानुन सरकारले बनाउने हो । सरकारले कानुन निर्माणको लागि संसदमा विधेयक दिएपछि प्रक्रिया अघि बढाउने हो। सरकार ले विधेयक दिएपछि त्यो कानुन निर्माणको प्रक्रिया अगाडि बढ्छ । संसद्को भूमिका पनि सीमित रहेको छ । त्यही सीमित भूमिकामा रहेर काम गर्दा संसद्को गति कम देखिएको हो। सरकारले सक्रियता दिन नसक्दा संसद्को काम कम देखिएको हो ।

तपाईंको भनाइको आशय संसदमा राजनीतिक दलको प्रत्यक्ष छाया पर्दा कमजोर भएको हो त ?

संसद् भनेको नै राजनीतिक दलको प्रतिनिधित्व हो। तर संसद्लाई जति प्रभावकारी बनाउनु पर्ने हो त्यो हुन सकेको छैन । संसद् कानुन निर्माणको थलो हो । सांसद भनेको कानुन निर्माता हुन् । तर हाम्रो निर्वाचन पद्धति अनुसार सांसदहरुलाई अप्ठेरोमा पारेको छ । किनभने चुनावमा भाग लिन निर्वाचन क्षेत्रमा जानु पर्छ । जनताको मत लिन जानु पर्छ । त्यस समयमा सांसदहरुले जनतालाई प्रतिबद्धता गर्नुपर्छ । निर्वाचन प्रणालीका कारण कानुन निर्माण र विकास निर्माणको काममा सांसदहरुले ध्यान दिनुपर्ने अवस्था छ ।

यसो हुँदा विकास निर्माणको पक्षले कानुन निर्माणको पक्षलाई दबाएको जस्तो देखिन्छ । जनताले विकास निर्माण खोजी रहेको हुन्छ । उहाँहरुले गरेको कमिटमेन्टका कारण विधायकी भूमिका भन्दा बजेट कार्यक्रममा बढी ध्यान गएको हो की भन्ने अनुभव भइरहेको छ ।

संसदमा संसदहरुको उपस्थिति नभएको हामीले देखिरहेका हुन्छौं। संसदहरुले आफ्नो भूमिका नबुझेको वा प्रदेशसभाले बुझाउने कोसिस नगरेको हो । सांसदको भूमिका सशक्त बनाउने विषयमा कमजोरी कहाँ रहयो ?

मुख्य कुरा राजनीतिक दल भूमिका हो । सांसदहरुले आफूले प्रतिनिधित्व गरेको राजनीतिक दलले संसदीय भूमिकालाई पालना गर्नुपर्छ । त्यो विषय राजनीतिक दलबाट भयो या भएन । अर्को संसद् स्वयम्ले पनि आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ ।

संसद्को नियमावलीको व्यवस्था अध्ययन गर्ने र पालना गर्नु सांसदको भूमिका हो । किनभने हरेक संसदहरूले आफ्नो व्यक्तित्व विकास गर्ने यो तुलो अवसर हो । मैले पहल गरेको कुरा भनेको बढी भन्दा बढी जनताको विषय सांसदमार्फत संसदमा पुगोस् भन्ने हो । सांसदहरुको भूमिका पारदर्शी होस् र सांसदहरुको भूमिकालाई सशक्त बनाउन हामीले प्रत्यक्ष प्रसारण पनि गर्ने गरेका छौं । जसले संसदले भूमिका निर्वाह गरिरहनु भएको विषय जनताको निगरानीमा पुऱ्याउने काम प्रदेशसभाले गरिरहेको छ । सांसदहरुको भूमिकालाई थप बलियो बनाउन उहाँहरुलाई अभिमुखीकरण गर्ने कार्य निरन्तर भइरहेको हुन्छ ।

धेरै माननीयहरुको राम्रो प्रस्तुति पनि छ । यतिले मात्र नपुगेको महसुस गरेर हामीले माघ २३, २४ र २५ गते निर्वाचन क्षेत्र केन्द्रित संसद् गर्दैछौं । त्यो दिन हरेक निर्वाचन क्षेत्रको कुरा माननीयहरुले नागरिकको समस्या के छ ? आवश्यकता के हो ? कस्ता योजना र किन आवश्यक छ र त्यसको लागि सरकारलाई के गर्नुपर्ने हो जस्ता विषयमा छलफल गर्ने गरी अघि बढेका छौं । नागरिकको विषयलाई सम्बोधन गर्न सरकारलाई बाध्यकारी गराउने गरी सांसदहरुको भूमिका बढाउनेतर्फ काम भइरहेको छ ।

कानुन कार्यान्वयनको विषय जिल्ला, स्थानीय तहसम्म पुगेर बुझ्नुभएको छ । के अवस्था पाउनु भयो ?

संसदले विधेयकबाट कानुन बनाएर राजपत्रमा प्रकाशन भइसकेपछि कुनै पनि व्यक्तिले मलाई थाहा छैन भन्न पाउँदैन । तर धेरै जनतालाई थाहा हुँदैन । अहिले सबैभन्दा महत्वपूर्ण विषय हामीले शिक्षित गर्नुपर्ने अवस्था छ । मैले गरेको प्रयासमा ३ वटा पक्ष त्यसमा समावेश हुनुपर्छ । सरोकारवालाहरु, विज्ञहरु र जनप्रतिनिधिहरुलाई कानुन निर्माणमा जोडेर काम गर्नुपर्ने हुन्छ ।

नागरिकहरू प्रतिनिधिहरू र सरोकारवालाहरूको कुरा के आए ?

प्रदेशसभाले कानुन बनाएको विषय सबैलाई जानकारी हुँदैन । जनप्रतिनिधिलाई समेत जानकारी नभएको अवस्था रहेको छ । संसदले बनेका ऐनहरु कानुन व्यवसायीहरुले मात्र अध्ययन गरेका हुन्छन् । त्यो पनि उहाँहरुको आवश्यकता अनुसार मात्र अध्ययन गर्छ । कानुन निर्माण प्राविधिक विषय पनि हो । कानुन सामान्य नागरिकलाई बुझ्ने र सहज भाषा शैलीहरु हुँदैनन् । यसलाई सरलीकृत गर्नुपर्छ । हामीले बनाएको कानुन स्थानीय तहमा पुऱ्याउने प्रयासमा छौं । बनाएका कानुनको विषयमा स्थानीय तहबाट धेरै प्रतिक्रिया पनि आएको छ । जसलाई विभागीय मन्त्रीसँग कानुन बन्ने र संशोधन हुने विषय छलफल गर्छौं ।

केही व्यक्ति तथा समूहहरू प्रदेश खर्चिलो भयो । प्रदेश चाहिँदैन भनेर व्याख्या गरिरहेका छन् । तपाईंको बुझाई के हो ?

यसको आवश्यकता र औचित्यको पुष्टि जो जिम्मेवारीमा छ उनीहरुले क्रियाकलापले निर्धारण गर्छ । कुनै पनि संरचना नराम्रो हुँदैन । तर, यसको आवश्यकता र औचित्य पुष्टि गर्ने जिम्मेवारी नेतृत्वमा रहेकाहरुको नै हो । उनीहरुले नतिजा राम्रो दिए भने त्यसको आवश्यकता र औचित्य पुष्टि हुन्छ । प्रदेशको हकमा पनि नतिजा दिन नसके स्वाभाविक रुपले प्रश्नहरु उठ्छन् ।

संघीयताका विषयमा अहिलेको व्यवस्थामा रहेर काम गर्नुपर्छ बाँकी पेज ५ मा

सरकारले कामको . . .

मन्ने हो । मैले व्यवस्था र अभ्यासबाट राम्रो कुरा सिकेर अघि बढिरहेको छु ।

विगतको दिनमा तपाई पनि यस्तै प्रश्न गर्ने राजनीतिक दलको समर्थक हुनुहुथ्यो । अहिले वर्तमान व्यवस्थाको सभामुख पदमा हुनुहुन्छ। पदमा रहेर हेर्दा प्रदेश नचाहिने नै रहेछ त ?

विगतमा म एउटा राजनीतिक दलमा आबद्ध रहेर आएको हुँ । अहिले मेरो जिम्मेवारी फरक छ । अहिले म दलमा आबद्ध पनि छैन । म मेरो जिम्मेवारी निर्वाह गर्नमा केन्द्रित छु । जहाँसम्म राजनीतिक विषय छ, त्यसमा सन्तुष्टि असन्तुष्टिको विषय छन् । त्यो कुरामा मैले भन्नु भन्दा पनि जनताले भनिरहेका छन् । सबैले भनिरहनु भएको विषय स्वाभाविक पनि छ । यो बहुदलीय व्यवस्था हो । प्रजातान्त्रिक व्यवस्था हो । सबै कुरामा प्रश्नहरु उठ्छन् । प्रश्नहरुको निराकरण पनि हुन्छ । अहिलेको संविधानको सुन्दर पक्ष भनेको राष्ट्रिय एकता, अखण्डता र सार्वभौमसत्ता बाहेक अरु सम्पूर्ण दफा उपदफा संशोधन हुन सक्छन् । पहिलेका संविधानहरुमा कतिपय कुराहरु वञ्चित गरेको थियो । जनताले चाह्यो भने जुनसुकै विषय पनि स्थापित हुन सक्छ र परिवर्तन हुन्छ भन्ने उदाहरण हामीसँग पर्याप्त छ ।

सभामुख भएर काम गर्दै गर्दा तपाईंले यी विषयमा स्थानीय तहमा नागरिकको असन्तुष्टि वा केही नौलो अनुभव पाउनुभयो ? वा प्रदेशमाथि वितृष्णाको असर भोग्नुपर्ने बाध्यता रहृयो कि ?

जनताको अपेक्षा धेरै छ । गर्नुपर्ने काम पनि धेरै छ । तर, सर कारले त्यसलाई सम्बोधन गर्न सकेको छैन । केही राजनीतिक दलको आफ्नो मान्यताहरु हुन्छन् । त्यो मान्यतालाई स्वीकार गर्ने र अस्वीकार गर्ने पक्ष हुन्छन् । जनताको भावनालाई तुला राजनीतिक दलका नेताहरु र सरकारले गम्भीरताका साथ हेर्नपर्छ ।

तपाई सभामुख भएर काम गर्दै गर्दा पुरानो पार्टीको दबाब केही खेप्नु भयो ? कसरी व्यवस्थापन गर्नुहुन्छ ?

त्यो अस्वाभाविक होइन । मैले त्यसलाई आफ्नो तर्फबाट व्यवस्थापन गरेको छु । मैले आफ्नो दायित्व र कर्तव्य बुझेको छु । इमानदारीपूर्वक काम गरे पछि कतिपय कुराहरु आफै व्यवस्थापन हुन्छन् । मैले महत्त्वपूर्ण देशहरुको संसद् अध्ययन गरिरहेको छु । संघीयताका विषयमा अहिलेको व्यवस्थामा रहेर काम गर्नुपर्छ भन्ने हो । मैले व्यवस्था र अभ्यासबाट राम्रो कुरा सिकेर अघि बढिरहेको छु ।

अन्त्यमा, अब प्रदेशसभाले गर्नुपर्ने मुख्य काम के हो ?

जुन ढङ्गले हरेक वर्ष बजेट ल्याउँछौं त्यो बजेट पहुँच केन्द्रित भइरहेको छ । त्यसमा सुधार गर्नुपर्छ । महत्वपूर्ण आयोजनाहरू सञ्चालन गर्न सरकारलाई जिम्मेवार बनाउनुपर्छ । उत्पादन र रोजगारी उपलब्ध गराउने गरी सरकारको काममा संसदले काम गर्नुपर्छ । हरेका दिन ३ हजार मानिस विदेश गरिरहेको अवस्था छ । युवाहरु विदेश जानु भनेको त दुर्भाग्य हो । युवा शक्ति विदेश गएपछि हाम्रो मुलुकलाई कसरी विकास गर्न सक्छौ । त्यसैले युवालाई यहाँ टिकाउन के प्रयास गर्ने त्यसमा प्रदेश सरकार र संसद् गम्भीर हुन जरूरी छ ।

एकै मञ्चमा ११ जनालाई सम्मान गर्दै भीम विराग कला प्रतिष्ठान



मकवानपुर । भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठान नेपालले एकै मञ्चमा ११ जना व्यक्तित्वलाई सम्मान गर्ने भएको छ । गत वर्ष स्थापना गरेको तथा विगत वर्षदेखि नै प्रदान गर्दै आएका समेत गरी विविध विधाका ११ जना व्यक्तित्वलाई हेटौंडामा प्रतिष्ठानले सम्मानित गर्ने भएको हो ।

प्रतिष्ठानले बुधबार हेटौंडामा पत्रकार भेटघाट गरी २०८० सालमा राष्ट्रिय स्तरमा ४ वटा फरकफरक विधामा पुरस्कारहरु स्थापना गरेकोमा उक्त पुरस्कारहरू २०८१ सालबाट प्रदान गर्ने जानकारी दिएको हो । यसैगरी विगत वर्षबाट प्रदान गर्दै आएको विविध विधाका ७ वटा पुरस्कार समेत प्रदान गरिने पत्रकार भेटघाटमा प्रतिष्ठान अध्यक्ष केशवलाल श्रेष्ठले जानकारी दिए । ११ वटै विधाका पुरस्कार १७ फागुन शनिबार हेटौंडामा एक कार्यक्रमको आयोजना गरी प्रदान गरिने बताइएको छ ।

यस वर्षबाट बाट प्रदान गर्न लागिएको भीम विराग राष्ट्रिय साहित्य पुरस्कार, २०८१ बाट साहित्यकार माया ठकुरी (काठमाडौं) सम्मानित हुने भएकी छिन् । यसै गरी भीम विराग राष्ट्रिय सङ्गीत पुरस्कार, २०८१ बाट गायक हेमन्त शर्मा (रूपन्देही), भीम विराग र ाष्ट्रिय कला पुरस्कार, २०८१ बाट कलाकार भोलाराज सापकोटा (मकवानपुर) र भीम विराग राष्ट्रिय पत्रकारिता पुरस्कार, २०८१ बाट पत्रकार ठाकुर बेल्वासे (काठमाडौं) सम्मानित हुने भएका छन् ।

उल्लेखित पुरस्कारको राशी जनही २५/२५ हजार रूपैंया रहेको छ । वरिष्ठ कलासाधक भीम विराग सक्रिय रहेको साहित्य, सङ्गीत, कला र पत्रकारिता चारवटै क्षेत्रलाई समेटेर हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोगमा प्रतिष्ठानले उल्लेखित पुरस्कार गत वर्ष स्थापना गरेको श्रेष्ठले बताए ।

यस्तै प्रतिष्ठानले विगत वर्षहरुदेखि नै भाषा, कला, सङ्गीत तथा विभिन्न सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तित्वहरुलाई प्रदान गर्दै आइरहेका विभिन्न ७ वटा पुरस्कार तथा सम्मान समेत शनिबार प्रदान गर्ने भएको छ । तुलसीमाया शिवकुमारी सृजनशील नारी पुरस्कार, २०८१ महिला उद्यमी शोभा श्रेष्ठ (मकवानपुर) लाई प्रदान गरिने भएको छ । समाजसेवी तथा साहित्यसेवी मुक्तिगोविन्द वैद्यले स्थापना गरेको उक्त पुरस्कारको राशी १५ हजार रूपैंया रहेको छ ।

यसैगरी भीम मथुरा बाल प्रतिभा पुरस्कार, २०८१ विद्यार्थी रितिका ठकुली (मकवानपुर) लाई प्रदान गरिने भएको छ । विन्दुगोपाल गोखलीले स्थापना गरेको उक्त पुरस्कारको राशी १० हजार रूपैंया रहेको छ । शिला नारी पुरस्कार, २०८१ बाट महिला उद्यमी मेनका श्रेष्ठ (मकवानपुर) सम्मानित हुने भएकी छिन् । आशीष श्रेष्ठले स्थापना गरेको उक्त पुरस्कारको राशी १५ हजार रूपैंया रहेको छ ।

यस्तै रामकृष्ण बानियाँ स्मृति लोक सङ्गीत पुरस्कार, २०८१ बाट लोक दोहोरी गायक कुलेन्द्र विश्वकर्मा (पर्वत) सम्मानित हुने छन् । चुनु बानियाँले स्थापना गरेको उक्त पुरस्कारको राशी २० हजार रूपैंया रहेको छ । चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार, २०८१ बाट साहित्यकार दीपक गौतम मकवानपुर सम्मानित हुने भएका छन् । रामबहादुर पाखिनले स्थापना परेको उक्त पुरस्कारको राशी १५ हजार रूपैंया रहेको छ ।

मंगलादेवी स्मृति स्वास्थ्य सेवा पुरस्कार, २०८१ स्वास्थ्यकर्मी निर्मला ब्लोन (मकवानपुर) लाई प्रदान गरिने भएको छ । देवप्रसाद श्रेष्ठ र दीपकप्रसाद श्रेष्ठले स्थापना गरेको उक्त पुरस्कारको राशी १० हजार रूपैंया रहेको छ । अजित सेन कमलेश्वरी गुप्ता भिन्न क्षमता पुरस्कार, २०८१ बाट दृष्टीविहीन मेकानिक सुदर्शन ढकाल (मकवानपुर) सम्मानित हुने भएका छन् । रोशन सेन गुप्ता स्थापना गरेको उक्त पुरस्कारको राशी १० हजार रूपैंया रहेको छ ।

उल्लेखित पुरस्कार तथा सम्मान कार्यक्रमकै दिन शनिबार प्रतिष्ठानको कोष वृद्धिको उद्देश्यले गायक हेमन्त शर्मा तथा लोक दोहोरी गायक कुलेन्द्र विश्वकर्माको विशेष प्रस्तुति सहितको साङ्गीतिक कार्यक्रम समेत रहने प्रतिष्ठान महासचिव छवि अनित्यले जानकारी दिए । वरिष्ठ कलासाधक भीम विरागको बहुआयामिक व्यक्तित्वप्रति सम्मान स्वरूप ७ भाद्र २०५९ भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठान नेपाल स्थापना भएको हो ।

नेपाली सङ्गीत, साहित्य र कला क्षेत्रमा देश तथा विदेशमा रही उल्लेखनीय योगदान पुर्याउँदै आइरहेका सर्जक, स्रष्टाहरुलाई सम्मानित एवम् पुरस्कृत गर्दै आएको यो संस्थाले मकवानपुरको माटोबाट वार्षिक रूपमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार तथा सम्मान गर्दै आइरहेको उनले बताए ।

अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिपमा नेपाल म्यानमारसँग पराजित

एजेन्सि

अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिपको फाइनलमा नेपाल म्यानमारसँग पराजित भएको छ ।

अखिल नेपाल फुटबल संघ (एन्फा) द्वारा आयोजित चार राष्ट्र सम्मिलित इन्टरनेशनल तुमन्स च्याम्पियनसिप अन्तरगत बुधबार काठमाडौंको त्रिपुरेश्वर स्थित दशरथ रंगशालामा भएको खेलमा नेपाल म्यानमारसँग ३-० गोल अन्तरले पराजित भएको हो ।



पहिलो हाफ निकै प्रतिस्पर्धात्मक भए पनि दुवै टोली गोल गर्नबाट चुकेका थिए । दोस्रो हाफको ६१ औं मिनेटमा म्यानमार का यू पर खियाङले पहिलो गोल गरिन् । दुई मिनेटपछि म्यानमार ले अर्को गोल थप्दै खेलमा अग्रता दोब्बर बढाएको थियो । विन थिङयी ढुनको प्रहार नेपाली खेलाडीलाई लाग्दै जाली चुमेको थियो ।

त्यसपछि कुनै गोल हुन सकेन । नेपालले गोलका लागि राम्रो अवसर गुमाएको थियो । यसअघि समूह चरणको अन्तिम खेलमा पनि भिडेका दुई टोलीकोखेल ३-३ को बराबरीमा टुंगिएको थियो ।

घटना दर्ता सम्बन्धी सूचना

व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो । यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो । यो व्यक्ति पहिचानको पहिलो आधार भएकाले नेपाल सरकारले अनिवार्य गरेको छ । यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।

राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याकको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।

व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ । यस वडाबासी सबैलाई घटना भएको ३५ दिन भित्र वडामा दर्ताको लागि अनुरोध छ ।

जनहितको लागि सहीखबर

अन्ततः बिक्री गरियो रोप वे



○ सहीखबर संवाददाता

मकवानपुर । सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगको रोप-वे अन्ततः बिक्री भएको छ । आर्थिक अभावको मार खेपिरहेको उद्योगले लामो समयदेखि बन्द अवस्थामा रहेको रोप-वे बिक्री गरेको हो ।

विगत ९ वर्षदेखि पटक/पटक आफ्नो रोप-वे लिलामीको उद्योगको असफल प्रयास गर्दै आएको थियो । ९ वर्षअघि पहिलो पटक रोप-वे लिलामी प्रक्रिया सुरु गरेको उद्योगको प्रयास हालसम्म सफल हुन सकेको थिएन । उद्योगले पटक-पटक लिलामी प्रक्रिया अघि बढाएर बोलपत्र आह्वान गरे पनि बन्द अवस्थाका उपकरण खरिद गर्न खरिदकर्ताको बोलपत्र परेको थिएन ।

खरिदकर्ताले लिलामी प्रक्रियामा बोलपत्र दर्ता नगराएपछि उद्योगले हरेक पटक लिलामी दर पनि घटाउँदै आएको थियो ।

बन्द अवस्थामा रहेको रोप-वे का उपकरणहरू लिलामीका लागि पहिलो पटक सूचना आह्वान गर्दा उद्योगले उक्त रोप-वे र जगेडा पार्टपुर्जाका लागि मूल्य २५ लाख ६ हजार ८० रुपैयाँमा रोप-वे बिक्री गरेको जनाएको छ । रोप-वे बिक्री गर्ने विषयमा गत पुस ७ गते सम्झौता भएको उद्योगका सूचना अधिकारी हरेराम आचार्यले जानकारी दिए ।

उनका अनुसार तीन किस्तामा सम्पूर्ण भुक्तानी भइसक्नुपर्ने सहमति अनुसार उद्योगले पहिलो किस्ता बापतको १ करोड ४२ लाख ६८ हजार ६९४ रुपैयाँ समेत प्राप्त गरिसकेको छ । रोप-वे खरिदकर्ता कम्पनीले सम्झौताको ९ महिना भित्र रोप-वेको सम्पूर्ण संरचना उठाइसक्नुपर्ने सहमति भएको उनको भनाई छ ।

रोप-वे बिक्रीबाट प्राप्त भएको रकम उद्योग सञ्चालनका लागि आवश्यक पर्ने कच्चा पदार्थ खरिदमा खर्च गर्ने सञ्चालक समितिले निर्णय गरेको पनि सूचना अधिकारी आचार्यले जानकारी दिए ।

वर्षौंदेखि सञ्चालन हुन नसकेको सो रोप-वेका कारण मानव बस्ती र विद्यालयका लागि जोखिम बनेर बसेको छ । उद्योगको रोप-वे का डब्बाहरू हेटौंडाबाट भीमफेदी गाउँपालिकाको भैंसे खानीसम्म तारमा झुन्डिरहेको अवस्थामा रहेको देख्न सकिन्छ । बेवारिसे अवस्थामा झुन्डिएका रोप-वेका डिब्बाहरूले मानव बस्ती नै जोखिममा पारेको देखिन्छ ।

हेटौंडा सिमेन्टले पनि खानी क्षेत्रबाट चुनढुङ्गा ओसार्न २०४२ सालमा रोप-वे सञ्चालनमा ल्याएको थियो । उद्योगले २०४२ सालबाट भैंसेखानीबाट अभिवृद्धि करबाहेक न्यूनतम ६ करोड १६ लाख ५३ हजार ३५२ रुपैयाँ कायम गरिएको थियो ।

खरिदकर्ताको बोलपत्र नपरेपछि उद्योगले दोस्रो पटक मूल्य घटाएर लिलामीका लागि लिलामी मूल्य ४ करोड ६१ लाख रुपैयाँ निर्धारण गरेको थियो । सो समयमा पनि रोप-वे लिलामी प्रक्रियामा खरिदकर्ताले बोलपत्र परेको थिएन ।

२०७४ मा पुनः मूल्य घटाएर लिलामीको सूचना जारी गरेको उद्योगले २ करोड ८० लाख रुपैयाँ कायम गरेर बोलपत्र आह्वान गरेको थियो । तर, सो समयमा पनि रोप-वे लिलामीमा खरिदकर्ताको बोलपत्र नपरेपछि बन्द रोप-वे हालसम्म जीर्ण र अलपत्र अवस्थामा रहँदै आएको थियो ।

हेटौंडा-९ मा रहेको उद्योगले विगतमा सिमेन्ट बनाउन आवश्यक चुन ढुङ्गा ढुवानीको लागी प्रयोगमा ल्याएको रोप-वे बिक्री गरेको हो । उद्योग प्रशासनले बाराको लिपनीमाल स्थित श्री पि.एस एण्ड सन्स इन्टरप्राइजेजलाई भ्याटसहित ४ करोड लामसुरेस्थित कारखानासम्म ११ किलोमिटर लम्बाइको रोप-वे चुन ढुङ्गा ढुवानी गर्न सञ्चालनमा ल्याइएको थियो ।

प्रतिघण्टा ३ सय मेट्रिक टन चुनढुङ्गा ढुवानी गर्ने क्षमता रहेको रोप-वेको सुरुमा १६५ वटा बकेट (क्यारियर) रहेको थियो । रोप-वे बिग्रिएपछि त्यसका क्यारियर पनि झर्दै गए जसका कारण हाल त्यसमा १ सय ४० जति बाँकी रहेको छ ।

विगतमा यातायातका साधनहरूको सुविधा नहुँदा उद्योगको चुन ढुंगाखानीबाट ढुङ्गा ओसार्नको लागि सो रोप-वे को प्रयोग हुने गरेको थियो । तर, पछिल्लो चरण यातायातको साधनहरूको उपभोगमा सहजता आएसँगै उद्योगले रोप-वे बाट चुन ढुङ्गा ल्याउन बन्द गरेको थियो ।

२० वर्ष ती डिब्बा हेटौंडा सिमेन्ट उद्योगको लागि चुन ढुङ्गा ओसार्न प्रयोग भए पनि २०६२ सालदेखि भने पूर्ण रूपमा बन्द छ ।

सो रोप-वे मा झुन्डिएका कतिपय डिब्बामा अझै पनि ढुङ्गाहरू भरिएको अवस्थामा रहेको छ । २०६० सालमा आएको बाढी पहिरोले भैंसे त्रिखण्डी नजिकको टावरमा क्षति पुगेपछि रोप-वे बन्द भएको थियो । करिब १० करोड लगानीमा निर्माण भएको रोप-वेको टावरमा बाढीले क्षति पुर्याएपछि पूर्ण रूपमा बन्द भइएको थियो ।

दोस्रो राष्ट्रिय निर्माण तथा व्यापार महोत्सव-२०८१
CONSTRUCTION EXPO-2
मेला/महोत्सवका आकर्षणहरू:-
निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
सूचना प्रविधि प्रदर्शनी तथा मनोरञ्जनात्मक बाल उद्यान ।
कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रस्तुती ।
शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
नविनतम उपकरणहरुको प्रदर्शनी तथा नयाँ/नौलो प्रबिधिको प्रदर्शनी ।

हेटौंडा २ को अत्यन्त जरुरी सूचना सूचना सूचना
सार्वजनिक सेवा लिँदा ध्यान दिऊँ

☞ सेवाग्राहीले आफूले लिन चाहेको सेवाको बारेमा जानकारी राखौं,
☞ सेवा प्राप्त गर्दा आवश्यक पर्ने कागजात यकीन गरौं,
☞ आफुले प्रदान गर्ने सेवाका सम्बन्धमा सेवा प्रदान गर्ने निकायले राखेको नागरिक वडापत्रमा उल्लेखित विषयमा ध्यान दिऊँ,
☞ सेवा लिन जाँदा कर्मचारीहरुसँग विनम्र व्यवहार गरौं,
☞ कर्मचारीहरुलाई कुनै अनुचित प्रलोभन नदेखाऔं,
☞ कर्मचारीले काममा ढिलासुस्ति गरी कुनै माग वा शर्त राखे तत्काल कार्यालय प्रमुख वा सम्बन्धित निकायमा जानकारी गराऔं,
☞ सेवा प्रवाहसम्बन्धी केही गुनासो भए गुनासो पेटीका वा गुनासो सुन्ने अधिकारी समक्ष राखौ
☞ सचेत र सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।

अध्यक्ष: विष्णु गोपाल महर्जन
२ नम्बर वडा कार्यालय
हेटौडा उपमहानगरपालिका, मकवानपुर

फोहोरमैलाको उचित व्यवस्थापन गरौं ।

☞ घरवरिपरी तथा सार्वजनिक स्थानमा फोहोर नफालौं,
☞ फोहरलाई डस्विन वा फोहोर संकलन केन्द्रमा मात्रै फालौं,
☞ सकेसम्म प्लास्टिक प्रयोग नगरौं,
☞ प्लास्टिक तथा अन्य फोहरलाई नजलाऔं
☞ कुहिने, नकुहिने र पुनः प्रयोग गर्न मिल्ने गरी छुट्टाछुट्टै भाडामा फोहोर राखौं ।

फोहोरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड